

क्याम्प हाउस

# दोर्दी-१ जलविद्युत खबर

असोज २०७४, अंक ९

## आयोजनाको हालको निर्माण अवस्था

कर्मचारीहरुका लागि निर्माण भइरहेको RCC क्याम्प हाउसको प्लास्टरको कार्य सकिएको छ । उक्त क्याम्प हाउसमा विद्युत जडान, पेन्टिङ्ग, झ्याल ढोका लगाएतका कार्य कार्तिक मसान्त २०७४ सम्म सकिने आयोजनाले लक्ष्य लिएको छ । सर्ज ट्याङ्क सम्म पुग्ने सडकको स्तरोन्नतीका लागि ग्याबियन पर्खाल लगाउने काम सम्पन्न भएको छ । साथै, पानी निकासका लागि नाली निर्माण कार्य पनि सकिएको छ ।

यस आयोजनाको Connection Point लमजुङ्गको किर्तिपुर सब-स्टेशन कायम गरेसँगै त्यसका लागि आवश्यक प्रारम्भिक वातावरणीय परीक्षणका लागि निवेदन प्रक्रिया अगाडि बढाइएको छ । आयोजनाको हेडवर्कस स्थित De-Silting Basin रहने ठाँउमा थप Excavation कार्य पनि सकिएको छ ।



निर्माणाधीन RCC क्याम्प हाउस



क्याम्प हाउसमा बिजुली र प्लम्बिङ्गको काम गरिदैं



बर्खेपानीको लागि निकास बनाईंदै

Tunnel Construction को लागि ठेकेदार कम्पनी छनौट गर्ने प्रक्रिया अन्तिम चरणमा पुगेको छ । यस्तै, कार्तिक मसान्त २०७४ सम्ममा ठेकेदार कम्पनी र आयोजना बीच सम्झौता भई, Site Mobilization गर्ने आयोजनाले लक्ष्य राखेको छ । सरकारी वन उपभोगको स्वीकृतिको लागि जिल्ला वन कार्यालय लमजुङ्गको सिफारिस भइसकेको छ भने वन मन्त्रालयको स्वीकृति लिन बाँकी रहेको छ । आयोजनाको निर्माण अवधिभर आवश्यक पर्ने विद्युतीय उर्जा प्राप्तिको लागि विद्युत प्राधिकरणबाट स्वीकृति लिने कार्य अन्तिम चरणमा रहेको छ ।



क्याम्प हाउसको पेटी बनाइदैं




एक्साभेटर द्वारा पहुँचमार्गको स्तरोन्तरी गरिदैं



ग्याबियन पर्खाल लगाइदैं

दोर्दी खोला जलविद्युत कम्पनी लिमिटेड
DW
ESTD. 2066
DORDI KHOLA HYDROPOWER

**सम्पादकः पार्वती पराजुली**

**दोर्दी खोला जलविद्युत कम्पनी लिमिटेड**

**त्रिपुरेश्वर ,काठमाडौं**

**फोन नः ९७७-१-४२३२७४८, ४२३२७४९,**

**ईमेल : info @dordikhola.com.np**

**वेबसाइट : www.dordikhola.com.np**